आफ्नै [signature]

# गर्भवती तथा सुत्केरी महिलालाई आपतकालिन अवस्थामा प्रदान गरिने एम्बुलेन्स /यातायात सेवा सम्बन्धि कार्यविधी २०७६

स्वीकृत मिती–२०७६ ९ ११

## प्रस्तावना

गण्डकी प्रदेश स्याङ्जा जिल्ला पुतलीबजार नगरपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने आपतकालिन अवस्थामा रहेका गर्भवती तथा सुत्केरी महिलालाई एम्बुलेन्स तथा स्थानिय सवारी साधनको सेवा उपलब्ध गराई आमा र बच्चाको ज्यान बचाउने कार्यमा सहयोग गर्ने कार्यलाई व्यवस्थित ,आवश्यक मापदण्ड तथा प्रकिया निर्धारण गर्न वाच्छनिय भएकाले पुतलीवजार नगरकार्यपालिकाले यो कार्यबिधी स्वीकृत गरी लागु गरिएको हो ।

## परिच्छेद..१

### प्रारम्भिक

१. सक्षिप्त नाम र प्रारम्भ :–

(क) यो कार्यबिधीको नाम **गर्भवती तथा सुत्केरी महिलालाई आपतकालिन अवस्थामा प्रदान गरिने एम्बुलेन्स सेवा/यातायात सेवा सम्बन्धि कार्यबिधी २०७६** रहेको छ ।

(ख)यो कार्यबिधी पुतलीबजार नगरकार्यपालिका को बैठक बाट स्वीकृत भएको मिति बाट लागु हुनेछ ।

(ग) यो कार्यबिधी पुतलीबजार नगरपालिका भर लागु हुनेछ ।

२. परिभाषा :– बिषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधीमा

(क) स्थानिय तह भन्नाले पुतलीबजार नगरपालिका लाई सम्फनु पर्छ ।

(ख) एम्बुलेन्स भन्नाले विभीन्न संघ सस्था संग रहेका विरामी लाई सुरक्षित संग अस्पताल पु-याउने सवारी साधन भन्ने सम्फनु पर्छ ।

(ग) यातायात साधन भन्नाले स्थानिय स्तरमा उपलब्ध हुने भ्यान, ट्रयाक्स ,जिप ,बस तथा टेम्पो जस्ता सवारी साधन सम्फनु पर्दछ ।

(घ) स्वास्थ्य सस्था भन्नाले नगरपालिका भित्र रहेका स्वास्थ्य चौकी र शहरी स्वास्थ्य केन्द्रलाई सम्फनु पर्दछ ।

(ङ) गर्भवती भन्नाले प्रजनन उमेर समुहकी गर्भमा बच्चा रहेकी महिला लाई सम्फनु पर्छ ।

आफ्नै [signature]

(च) अस्पताल भन्नाले बिशेषज्ञ सेवा प्रदान गर्ने जिल्ला अस्पताल लगायतका प्रदेश सरकार मातहतका अस्पताल लाई सम्फनु पर्दछ ।

(छ) सुत्केरी भन्नाले बच्चा जन्मेको छ हप्ता भित्रका महिलालाई सम्फनु पर्छ ।

(ज) समन्वय समिती भन्नाले यस कार्यविधी अनुरुप गठन भएको समिती सम्फनु पर्दछ ।

(झ) भाडा दर भन्नाले यस कार्य बिधीमा उल्लेख भए बमोजिमको भाडा दरलाई जनाउछ ।

(ञ) कार्यपालिका भन्नाले पुतलीबजार नगरकार्यपालिका लाई सम्फनु पर्दछ ।

## (३) कार्यविधीको उद्धेश्य

यस नगरपालिका अर्न्तगत बसोबास गर्ने सम्पुर्ण नगरबासी हरुलाई गर्भवती र सुत्केरीको आपतकालिन अवस्थामा नि:शुल्क एम्बुलेन्स /यातायात सेवा उपलव्ध गराई आर्थिक अभाव तथा साधनको अभावमा हुन सक्ने आमा र बच्चाको मृत्युलाई रोक्नु नै यस कार्यविधीको प्रमुख उद्धेश्य हो ।

## परिच्छेद २

## (४) सेवा सञ्चालन प्रकिया

यस कार्यबिधी अनुरुप सेवा सञ्चालन गर्न पुतलीबजार नगरपालिकामा एक समन्वय समिती गठन गरिने छ । समितीको गठन प्रकिया तथा काम ,कर्तव्य तपसिल अनुसार हुनेछ ।

### गठन प्रकिया

संयोजक :– सामाजिक विकाश समिती अध्यक्ष

सदस्य :– महिला तथा बालबालिका शाखा प्रमुख

सदस्य :– नगर कार्यपालिकाले तोकेको एक जना महिला

सदस्य :– लेखा शाखा प्रमुख

सदस्य सचिव :– स्वास्थ्य शाखा प्रमुख

## समितीको काम कर्तव्य

(१) समितीको बैठक आवश्यकता अनुरुप बस्ने छ ।

(२) समितीले सेवा उपलब्ध गराउनको लागी सम्बन्धित वडा कार्यालय लाई बजेट पेश्की स्वरुप उपलव्ध गराउने साथै आ.व.को अन्त्यमा खर्च भएको फश्यौट तथा बाँकी दाखीला गर्ने कार्यमा सहजिकरण गर्नेछ ।

(३) समितीले आवश्यक परेमा बार्षिक रुपमा भाडा दरमा पुर्नमुल्याडकन गर्ने छ ।

(४) सेवा सञ्चालनमा कुनै बाधा अवरोध आएमा समितिले त्यस्तो बाधा अवरोध बैठक बसि छलफल गरि टुग्याउने छ ।

## बजेट व्यवस्थापन

(१) यो कार्यबिधी अर्न्तगत आवश्यक पर्ने बजेट पुतलीबजार नगर पालिका मार्फत उपलव्ध गराईने छ ।

(२) समितीलाई प्राप्त बजेट सेवा सञ्चालन तथा भुक्तानी प्रकिया सहज गराउनको लागी सबै वडाहरुलाई गर्भवती सख्याको आधारमा पेश्की स्वरुप उपलव्ध गराउने साथै आ.व. अन्त्यमा पे.फ.गराउनु पर्नेछ ।

(३) रकम भुक्तानी प्रकिया

सेवाग्रहीले एम्बुलेन्स /यातायात सेवा लिईसकेपछी सम्बन्धित स्वास्थ्य चौकी वडा कार्यालय को सिफरिसमा सेवाग्रहीको नाम,थर, ठेगाना,टोल ,सम्पर्क नं सहित खुलेको निवेदन र एम्बुलेन्स/यातायात साधनको बिलबुक र लाईसेन्सको फोटोकपि समेत राखी वडा कार्यालयमा भुक्तानीका लागी पेश गरेपछी भुक्तानीको व्यवस्था मिलाईने छ ।

यस आ.व. ०७६/७७ का लागी प्रस्तावित भाडादर निम्नानुसार हुनेछ ।

| स्थान | सस्था | जिल्ला अस्पताल सम्म | पोखराका लागी थप | कैफियत |
|---|---|---|---|---|
| वार्ड नं १,२ र ३ | जिल्ला अस्यताल | रु ५०० देखी १००० | रु १५०० | |
| वार्ड न ४ | गणेशपुर स्वा.चौकी | रु.१००० | रु.१५०० | |
| वार्ड न.५ | पौवैगौडे स्वा.चौकी | रु.२००० | रु. १५०० | |
| वार्ड न.६ | टक्सार स्वा.चौकी | रु.२५०० | रु.१५०० | |
| वार्ड नं ७ | ठुलाडिही स्वा. चौकी | रु.२००० | रु.१५०० | |
| वार्ड नं ८ | कोल्मा स्वा.चौकी | रु २५०० | रु १५०० | |
| वार्ड नं ९ | वहाकोट स्वा.चौकी | रु.२५०० | रु.१५०० | |
| वार्ड नं १०/११ | करेन्डाडा स्वा.चौकी | रु.१००० देखी १५०० | रु १५०० | |
| वार्ड नं १२ | पेल्काचौर स्वा. चौकी | रु.२००० देखी २५०० | रु १५०० | |
| वार्ड नं १३ | सातुपसल स्वा.चौकी | रु.१००० देखी १५०० | रु.१५०० | |
| वार्ड नं १४ | चण्डीकालिका स्वा.चौकी | रु.१००० दखी १५०० | रु १५०० | |

**कार्यविधी लागु हुने मिति :–**

यो कार्यविधी पुतलीबजार नगरपालिका ,नगरकार्यपालिकाको बैठकले स्वीकृत गरेपछी तुरुन्तै लागु हुनेछ ।

**कार्यकमको अनुगमन :–**

यो कार्यकमको कार्यविधि अनुसार गठित समिति लगायत सम्बन्धित स्वास्थ्य चौकी व्यवस्थापन समिति बाट अनुगमन गरिने छ ।

**कार्यकमको उपलब्धी :–**

यस कार्यकम बाट लक्षित वर्ग (गर्भवती र सुत्केरी )हरु पुर्ण रुपमा लावान्वीत हुनेछन । रकम र साधनको अभावमा हुने मातृ तथा शिशु मृत्युलाई रोक्न सकिने छ ।